# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लोमान्थाङ गाँउपालिका, मुस्ताङ

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

## *Serving the Nation*
## *and*
## *the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७

च.नं.:३७६

मिति: २०७७/३/२५

श्री प्रमुखज्यू,
लोमान्थाङ गाउँपालिका
मुस्ताङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)

नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या २०७६।७७:
च.नं :७९५ मितिः २०७७।३।२५

श्री प्रमुखज्यू,
लोमान्थाङ गाउँपालिका
मुस्ताङ ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय :** हामीले लोमान्थाङ गाउँपालिकाको २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय-व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको रायव्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

:१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४१ लाख ४७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख १६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७ लाख, र नियमित गर्नुपर्ने रु.३३ लाख ३१ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७६।६।८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १४ (चौध) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीयतहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी :** आर्थिक कार्यबिधि तथा बित्तियउत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीयविवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीयविवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाँउ कार्यकारिणी, गाँउपालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्यगल्ति समेतका कारण सारभूत रुपमागलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्यगल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायबमहालेखापरीक्षक

**स्थानीय सञ्चित कोष :** आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| **आय** | | | **व्यय** | | |
|---|---|---|---|---|---|
| **शीर्षक** | **प्रस्तावित** | **वास्तविक आय** | **शीर्षक** | **वार्षिक वजेट** | **खर्च** |
| संघीय सरकार | | | पारिश्रमिक कर्मचारी | १७५२४००० | २०२३३११ |
| **समानिकरणअनुदान** | ६००००००० | ६०००००००० | पारिश्रमिक पदाधिकारी | ३८००००० | ३३५४००० |
| **सशर्त अनुदान** | ४८०००००० | ५३६९२००० | पोशाक | ५८०००० | १३५००० |
| स्थानीय पूर्वाधार विकास कार्यक्रम केन्द्र | ० | ८०००००० | स्थानीय भत्ता | ७१०४०० | ४४८९७४ |
| झोलुङगेपुल | ० | १५५०००० | महंगी भत्ता | २७८४०० | १२१४३० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ० | ० | फिल्ड भत्ता | ४८००० | ० |
| सामाजिक सुरक्षा | ० | ७०९५००० | अन्य भत्ता | ७००००० | १०५०० |
| संस्कृति पर्यटन तथा ना उ मन्त्रालय | ० | २५००००० | पानी तथा विजुली | १५०००० | १०३५० |
| सेवा निबृत्त औषधी उपचार | ० | ० | संचार महसुल | ३५०००० | १५२०९५ |
| सेवा निबृत्त संचित बिदा | ० | ० | सञ्चालन तथा मर्मत | ४५०००० | २९३३२९ |
| स्थानीय सासन तथा सा.बि.का. | ० | ० | इन्धन (कार्यालय प्रयोजन) | ६००००० | २९२९७६ |
| प्रदेश तथा स्थानीय तह क्षमता बि.का. | ० | ० | उत्पादन सामाग्री सेवा | ५०००० | ० |
| प्रदेश सामाजिक विकास मन्त्रालय | ० | १४००००० | बिमा तथा नवीकरण खर्च | ८०००० | ३०६०३ |
| प्रदेश भौतिक पुर्वाधार मन्त्रालय | ० | ५०००००० | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २००००० | ० |
| जिल्ला समन्वय समितिबाट प्राप्त | ० | ७२४५१९२ | मसलन्द तथा कार्यालय सामाग्री | १२००००० | ७५८१०७ |
| **प्रदेश सरकार** | | | इन्धन अन्य प्रयोजन | १००००० | १९२०० |
| समानिकरण अनुदान | | | सीप विकास जनचेतना क्षमता अभिवृद्धि | १०००००० | ७८२३४४ |
| प्रदेश सरकार वितिय हस्तान्तरण | १०९०३००० | १०९०३००० | सेवा र परामर्श खर्च | ५०००० | १२०० |
| राजश्व वाडफाड केन्द्र | ३०००००००० | २४६२७८२०.८८ | अन्य भाडा | १००००० | ७९९०० |
| प्रदेश सरकार राजस्व वाडफाड | | ११२०३५४ | अन्य सेवा शुल्क | ५००००० | ४०५५०० |
| खानी रोयल्टी | ० | | कर्मचारी तालिम खर्च | २००००० | ३९०३२ |
| जलस्रोत रोयल्टी | ० | | भैपरी चालु | १००००० | ० |
| पर्वतारोहण रोयल्टी | ० | | कार्यक्रम खर्च | २००००० | ० |
| पदयात्रा रोयल्टी | ० | | विविध कार्यक्रम खर्च | २००००० | १९००० |
| पर्यटन सेवा शुल्क रोयल्टी | ० | | अनुगमन, मूल्याकंन खर्च | १२००००० | १०९६२६४ |
| घरजग्गा रजिष्ट्रि□शन दस्तुर | ० | २७२८९.५५ | विविध खर्च | ८००००० | ६५१७६५ |
| अन्य बाडफाँड हुने राजस्व | ० | | घर भाडा | ५००००० | ४१५००० |
| **आन्तरीक श्रोत** | ११२०००० | ७१००७० | सशर्त अनुदान | ५३६९२००० | ३७२०१८१० |
| **व्यक्तिगत सम्पत्तीमा लाग्ने वार्षिक कर** | ० | | सामाजिक सुरक्षा | ७०९५००० | ४३११६०० |
| संस्थागत सम्पतीमा लाग्ने वार्षिक कर | ० | | कोलेनीका फिर्ता | | १७५०८७९० |

| | | | | | |
|---|---|---|---|---|---|
| भूमिकर,मालपोत | ० | | **जम्मा** | **९२४५७८००** | **७०१६२०८०** |
| **घरबहाल कर** | ० | | **पूंजिगत तर्फ :** | | |
| | | | भवन निर्माण | २७३५८००० | २४८७०३५५ |
| वहाल विटौरी कर | ० | | फर्निचर तथा फिक्चर्स | १०००००० | ९२४९०० |
| सवारी साधन कर सवारी दर्ता,वार्षिक,सवारी कर तथा पटके सावारी कर | ० | | मेशिनरी तथा औजार | ३००००० | ३००००० |
| सिनेमा□डकुमेन्ट□ी | ० | | सडक तथा पुल निर्माण | ४१५०००० | ३८००००० |
| विज्ञापन कर | ० | | समपुरक कोष | ३०००००० | १६२८४०१ |
| व्यवसाय रजिष्टेशन दस्तुर | ० | | कार्यक्रम खर्च | ४०००००० | २९७८०१२ |
| अखटेपहरमा लाग्ने कर | ० | | विविध कोष | २५००००० | ९७८४७२ |
| अन्य प्रशासनिक सेवा शुल्क | ० | | पूजीगत अनुसन्धान तथा परामर्श | १६००००० | १५८८९०५ |
| पार्कि□ शुल्क | ० | | अन्य सार्वजनिक निर्माण | ५८०७२७२५ | ४८५६१३०६ |
| नक्सापास दस्तुर | ० | | प्रदेश सामाजिक विकास मन्त्रालय | १४००००० | ९००००० |
| सिफारिस दस्तुर | ० | | प्रदेश भौतिक पुर्वाधार मन्त्रालय | ५०००००० | ५०००००० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ० | | जिल्ला समन्वय समितिबाट प्राप्त | ७२४५१९२ | ७२४५१९२ |
| नाता प्रमाणीत दस्तुर | ० | | संस्कृति पर्यटन तथा ना उ मन्त्रालय | २५००००० | २३७५००० |
| अन्य दस्तुर | ० | ८१९२५८ | स्थानीय पुर्वाधार विकास कार्यक्रम | ८०००००० | ८०००००० |
| न्यायिक दण्ड, जरिवाना र जफत | ० | | झलुगे पुल कार्यक्रम | १५५०००० | १५५०००० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | | **जम्मा** | **१२७६७५९१७** | **११०७००५४३** |
| प्रदुषण नियन्त्रण शुल्क | ० | | **कुल जम्मा खर्च** | | **१८०८६२६२३** |
| गत वर्षको नगद तथा वैक मौज्दात | २१३८९७१२ | २१३८५७१२ | वैक मौज्दात | | |
| अन्य आय बेरूजु असुली | ० | ६२१४२८ | मुल सचित कोष खाता | | ११२६३३१५ |
| | | | चालु खर्च खाता | | ११६०४५४ |
| | | | पुजीगत खर्च खाता | | १३४१०७३२.९ |
| | | | | | २५८३४५०१.९ |
| **जम्मा** | **१७४१२७१२** | **२०६६९७१२४.४३** | **जम्मा** | ० | **२०६६९७१२४.४३** |

| दफा | गो.भौ.नं./मिति र व्यहोरा | रकम |
|---|---|---|
| १. | **वित्तीय जवाफदेहिता एवम उत्तरदायित्व र कानूनको पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार गर्नुपर्दछएवं प्रचलित कानुन पालना गरीएको छभन्ने कुरामा विश्वस्त हुनुपर्ने र सोहि नियमावलीको नियम ५ बमोजिम कामको प्रकृति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी प्रचलित कानुनमा व्यवस्था भएका प्रावधानहरुको पालना हुनुपर्दछ ।यस वर्ष वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व र कानुनको पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयो :<br>● वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८)<br>● जिन्सी मालसमानको लिलाम/मर्मत नभएको | |

- उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको,
- निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यलयले निरीक्षण नगरेको,
- राजश्वको लागत तयार नगरेको,
- वडामा उठ्ने राजश्वको लक्ष्य निर्धारण नगरेको,
- प्रतिस्पर्धात्मक खरिद अवलम्वन नगरेको,
- योजना छनौट भए तापनि सम्झौता भई कार्यान्वयनमा नल्याएको,
- वितरणमूखी कार्यक्रमलाई वढवा दिएको,
- पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको,
- स-साना योजनालाई प्राथमिकतामा राखेको,
- कोषहरुको कार्यविधि कानून नबनाएको,
- उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको,
- धरौटीको आयूगत वर्गीकरण नगरेको,
- कर तथा शुल्कको ठोस आधार निर्माण नगरेको,
- मर्मत कोषको कार्यविधि नबनाएको ,
- संस्थागत क्षमता विकासमा न्यून प्रगति गरेको,
- प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन नगरी तेश्रो चौमासिकमा ठेक्का व्यवस्थापन गरेको,
- उपभोक्ताको खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको,
- चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरेको,
- कार्यनीतिगत व्यवस्थामा अपेक्षित प्रगति लिन नसकेको,
- राजश्व प्राप्तीको दायरालाई प्राथमिकीकरण नगरेको,
- राजश्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,
- विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडि नवढाएको,
- अवकास कोष सम्वन्धी कानूनी व्यवस्था पालना नगरेको,
- आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका वनाई कार्यान्वयनमा नल्याएको,
- एकीकृत सम्पत्ति विवरण र जिन्सीको एकत्रित लगत र निरीक्षण नगरेको,
- लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको ।
- नियमको अनुसरण गरी कार्य नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्दछ । वित्तीय जवाफदेहिता सम्वन्धी सूचकांक यसै साथ संलग्न छ ।

**आर्थिक विवरणको परीक्षण :** आर्थिक कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन्

२. बैंक मौज्दात भिडान – गाउँ कार्यपालिकाको नगद तथा बैंक मौज्दात विवरण निम्नुसार छ

| खाताको नाम | श्रेस्ता अनुसार मौज्दात | बैक अनुसार मौज्दात | फरक रकम रु. |
|---|---|---|---|
| ग-२.२ पुजिगत खाता | १३४१०७३३ | १३४१०७३३ | ० |
| मूल संचित कोष खाता | ११२६३३१५।८५ | ११२६३३१५।८५ | ० |
| ग-२.१ चालु खर्च खाता | ११६०४५४ | ११६०४५४ | ० |
| जम्मा | २५८३४५०२।८५ | २५८३४५०२।८५ | ० |

| | | |
|---|---|---|
| ३. | **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकामा आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :<br>▪ समायोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>▪ मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी जनाएको भएतापनि वडागत रुपमा जिन्सी खाता तयार गरेको छैन । प्राप्त हुन आएका खप्ने जिन्सीमा जिन्सी खाता पाना नम्वर लेख्ने कार्यको शुरुवात गरेको छ ,साथै जिन्सी सामाग्रीको एकिकृत अभिलेख तयार भएको छैन । मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन ।<br>▪ उपभोक्ता समितिमार्फत गरेका अधिकांश कार्यमा पेश भएका विल भर्पाइ उपभोक्ता समितिवाट प्रमाणित तथा समितिको सहिछाप गरेको छैन ।<br>▪ सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेको छैन<br>▪ चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरेको छैन ।<br>▪ सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको छैन ।<br>▪ भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता राखेको पाइएन । भ्रमणमा जाने पदाधिकारी एवं कर्मचारीबाट बाट भ्रमण प्रतिवेदन लिने गरेको समेत देखिएन ।<br>▪ कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन । | |
| ४. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन २०७४ दफा ७७ (२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय तथा व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले आफ्नो वार्षिक कारोबारको आन्तरिक लेखापरीक्षण गरेको छैन । आन्तरिक लेखापरीक्षणबाट आय तथा व्यय र त्यसको लेखाकंन प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया अनुरुप गरे वा नगरेको वित्तीय साधनको उपयोग मितव्ययी तवरले दक्षतापूर्वक प्रभावकारी रुपमा भए वा नभएको, स्वीकृत वार्षिक कार्यक्रम अनुरुप लक्ष्य प्राप्ति गरे वा नगरेको वित्तीय प्रतिवेदनले आर्थिक कारोवारको सही यर्थाथ चित्रण प्रस्तुत गरे वा नगरेको र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी गरे वा नगरेकोजस्ता विषयमा जानकारी हुने कानूनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराउनु पर्दछ । कार्यालयले आन्तरिक लेखापरीक्षणका लागि जनशक्ति तथा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गरी प्रभावकारी रुपमा आन्तरिक लेखापरीक्षणको माध्यमबाट आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनु पर्ने देखिन्छ ।<br>***कार्यालयको भनाई*** *: आ.ले.प दरवन्दि माग गरेको छ ।* | |
| ५. | **न्याय सम्पादन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९ मा व्यवस्था भएको न्यायिक समितिमा यो वर्ष विवादको निरुपणार्थ निबेदन पर्न आउको छैन । | |
| ६. | **दरबन्दीतथा पदपूर्ति स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन तथा सेवा प्रवाहको लागि कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम कर्मचारी समयोजन नभएसम्म कर्मचारीको व्यवस्था गर्न र सेवा प्रवाहको लागि सरकारी सेवाका कर्मचारीलाई कामकाजमा खटाउनको लागि तथा गाउँपालिकको कार्य जिम्मेवारिमा परेका विषयमा नेपाल सरकारका निकायमा सम्पत्ति, दायित्व समेत गाउँपालिकामा हस्तान्तरण गर्न नेपाल सरकार मन्त्री परिषद्को मिति २०७४।१२।१८ निर्णयबाट स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था २०७४ स्वीकृत भएको छ । गाउँपालिकामा २९अस्थायी दरबन्दी स्वीकृत भएकोमा हाल एक जना प्रमुख पशासकीय अधिकृतको मात्र पदपूर्ति भई हाल २८ दरबन्दी पदपूर्ति | |

नभएको अवस्था छ । अतः गाउँपालिकाले आवश्यक दरबन्दी पदपूर्ति गरी स्थानीय सेवा प्रवाह तथा विकास, निर्माणका गतिविधिलाई व्यवस्थित र प्रभावकारी बनाउन समयमै ध्यान दिनुपर्ने देखिन्छ ।

७. **आय र व्ययको यथार्थता :** नेपालको संविधानको धारा २३० बमोजिम संविधानको अधीनमा रही गाउँ कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले कार्यालयको बजेट प्रक्षेपण गर्दा वास्तविक आम्दानी तथा खर्चसँग मेल खानेगरी तर्जुमा गर्नुपर्नेमा बजेट प्रक्षेपण र वास्तविकतामा निम्नानुसार फरक परेको देखिन्छ । गाउँपालिकाले बजेट प्रक्षेपण गर्दा यथार्थ आय र व्ययसँग मिल्ने गरी प्रक्षेपण गर्न ध्यान दिनुपर्दछ ।

| सि.नं. | व्यहोरा | बजेट प्रक्षेपण | यथार्थ रकम | फरक रकम | फरक प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आन्तरिक कर | ११२०००० | ७१००७० | ० | ० |
| २. | संघीय सरकार अनुदान | १०८०००००० | ११३६९२००० | ० | ० |
| ३. | राजश्व बाडफाँड | १०९०३००० | १०९०३००० | | |
| ४ | प्रदेश सरकार अनुदान | ३०००००००० | २४६२७८२०.८८ | ० | ० |
| ५ | अन्य आय | | | | |

८. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ६.३ गाँउपालिका कायम हुँदा सो भित्र गाभिएका साविकको गाँउ विकास समिति त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा खभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वत हस्तान्तरण भई सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ भाद्र मसान्तभित्र गाउँपालिकाले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिका अर्न्तगत साविकका गा.वि.स.हरु घर जग्गाको लगत तथा जिन्सी सामाग्री गाउँपालिकाले प्राप्त गरेको वा हस्तान्तरण भै आएको देखिएन ।साविकका गा.वि.स.मा रहेको सम्पत्ति एवं जिन्सी खोजी गरी गाउँपालिकाको सम्पत्ति अद्यावधिक गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्दछ ।

९. **विविध कोष सञ्चालन र परिचालन :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिकको दफा ५.९ ले ग-५ समूहको विशेष कोष खाता गाउँपालिकाले खोल्न सक्ने व्यवस्था छ ।साथै विशेष कोष खाताहरुको कोष परिचालनलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने व्यवस्था छ । गाउँपालिकाले यस वर्षसम्म कुनै पनि कोष खडा गरेको छैन ।

१०. **सेवा प्रवाह :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता १०६ वटा, मृत्यु दर्ता ४१ वटा र बसाई सराई ४ वटा, विवाह दर्ता ५३, नाता प्रमाणित ४० र २६३ वटा विभिन्न सिफारिश तथा दर्ता गरेको देखियो । गाउँपालिकाले गरेको नागरिकता सिफारिश, नाता प्रमाणित र पञ्जीकरण दर्ता तथा सिफारिश सम्बन्धमा कुनै अभिलेख नराखेको पाईयो । गाउँपालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

११. **नक्सा पास र मुल्यांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाँउपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यस वर्ष गाउँपालिकामा नक्सा पास सम्बन्धी काम-कारबाही शुरु भएको छ । तोकेबमोजिम संरचना निर्माण गर्नुपूर्व गाउँपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । घर जग्गा मुल्यांकन गर्ने वैज्ञानिक प्रणालीको अवलम्वन गरी पक्का ढलान, पक्का जस्तापाताको प्रति वर्गफिट कति लागत पर्दछ सो यकिन गरीनु पर्दछ । मालपोत कार्यालयमा लिखत पारितको लागि वडा कार्यालय पठाएको मुल्यांकन प्रतिवेदन यथार्थफरक नभै हचुवाको भरमा लेख्ने गरेको पाईएकोले सो मा सुधार हुनुपर्दछ ।

१२. **श्रोत अनुसार कार्यकम छनौट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा

| | | |
|---|---|---|
| | निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याइए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १३. | **वार्षिक कार्यक्रम तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका गाउस्तरीय तथा वडास्तरीय आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समयवीच तादाम्यता मिलाई वित्तीय र भौतिक प्रगति समेत देखिने गरि प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| १४. | **चौमासिक खर्च व्यवस्थापन** : स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम संचालन गर्न वजेट व्यवस्था भए मुताबिक सोही चौमासिकमा कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सो अनुसार कार्यक्रम संचालन गरी खर्च गर्न सकेको देखिएन । पूँजीगत कार्यक्रमतर्फ अधिकांश कार्यक्रम/योजना तेश्रो चौमासिकमा संचालन भई खर्च भएको देखिन्छ । पूजिँगततर्फ रु.११,४६,२९,८१०।- खर्च भएकोमा आषाढ महिनामा मात्र रु.८ करोड ९४ लाख ७४ हजार खर्च भई कूल पूँजीगत खर्चको ७८.०५ प्रतिशत खर्च भएको छ । अत: कार्यक्रम अनुसार तोकिएको चौमासिकमा कार्यक्रम संचालनहुनुपर्दछ । | |
| १५. | **बिमा नगराएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु १० लाखभन्दा बढिको निर्माण कार्य गर्दा मेशीन औजार वा प्लान्ट लगाएतको विमा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले उपभोक्ता समितिमार्फत गराएका १० लाखभन्दा बढिका निर्माण कार्यको विमा गराएको छैन । निर्माण कार्यमा संलग्न हुने श्रमिक, प्राविधिक तथा मालसामानको सुरक्षाको लागि उपभोक्ता समिति संग सम्झौता गरी कार्य गराउदा सम्झौतामा विमाको समेत दफा राखी संम्झौता गरिनु पर्दछ । यस गाउपालिकाले देहायका जोखिमपूर्ण कार्य समेत गरेको पाईएकोले विमाको व्यवस्था गरिनु पर्दछ । जस्तै गाउपालिका भवन निर्माणका रु ८६,७१,७४२।६७ ल.ई तथा कार्यसम्पन्न भएको छ तर विमा गरेको छैन । त्यस्तै ५ वटै वडा भवन कार्यालय निर्माण रु.५३,००,०००।०० को लागत अनुमानमा सम्पन्न भएकोमा विमा गरेको छैन । | |
| १६. | **खरिद योजना:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा वढि रकमको खरिद गर्दा तोकिएबमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले वार्षिक रु १० लाख भन्दा वढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गरि सोही अनुसार स्वीकृति गराई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा पुंजीगत तर्फका कार्यक्रम गाउंसभावाट स्वीकृत गराई कार्यान्वयन गरेतापनि वार्षिक खरिद योजना तथा गुरुयोजना तयार गरि स्वीकृत गराई कार्यान्वयनमा ल्याएको पाईएन । | |
| १७. | **स्थानीय तथ्यांक र अभिले**ख : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाउप्रोफाइल तयार गरेको छ तर त्यस्ता तथ्याङ्कलाई लक्षित योजना, कार्यक्रम सञ्चालन, अनुगमन, अनुदान वितरण जस्ता कृयाकलापमा समावेश गर्न नसकेको र अभिलेख स्पष्ट नभएको अवस्था छ । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ गाउपालिकाले तथ्यांक एवं अभिलेख व्यवस्थापन गर्न जरुरी छ । गाउपालिकाले तयार गरेको पार्श्वचित्र (Village Profile) ले महत्वपुर्ण भुमिका | |

खेल्ने हुँदा सो प्रतिवेदन कार्यन्वयन गरिनु पर्दछ ।

१८. **फोहोर व्यवस्थापन :** यस गाउ पालिकाले फोहोर व्यवस्थापनको लागी स्थायी ल्याण्डफिलको व्यवस्था गरेको पाईएन । दीर्घकालिन रुपमा डम्पिङ साईड निर्माण गरी फोहोर व्यवस्थापन गर्ने तर्फ गाउपालिकाको ध्यान जानुपर्दछ । फोहोर व्यवस्थापन त्यसको लागि वातावरण प्रदुषणका बारेमा अध्ययन नभएको, स्थानिय जनतालाई फोहोर व्यवस्थापनको बारेमा जनचेतना कार्यक्रम लागु नगरेको, वातावरण तर्फ गाउ पालिकाको ध्यान जानुपर्ने देखियो ।

१९. **स्थानीय तहका पदाधिकारीहरुको सुविधा सम्वन्धी :** नेपालको संविधानको धारा २२७ मा गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐनमा भएको व्यवस्था अनुसार यस गाउँपालिकाले पदाधिकारीको पारिश्रमिक स्वरुप रु.३३,५४,०००।०० सन्चार खर्च रु.७८,०००।०० ईन्धन खर्च रु.७२,०००।०० र अनुगमन मुल्यांका खर्च रु १,१०,९५०।०० समेत रु ३६,१४,९५०।०० भुक्तानी दिएको छ ।

| विवरण | प्रमूखरअध्यक्ष | उपप्रमूख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३१,०००/० | २६,०००/- | १८,०००/- | ९,०००/- | ६,०००/- | ९०,०००/- |
| सञ्चार सुविधा(मासिक दरमा) | १५००/- | १०००/- | ८००/- | ० | ० | ३३००/- |
| बैठक भत्ता(बैठक संख्याको आधारमा) | ० | ० | ० | ० | ० | ० |
| अन्य बैठक भत्ता | ० | ० | ० | ० | ० | ० |
| यातायातखर्च मासिक | ० | ० | ० | ० | ० | ० |

कानूनमा व्यवस्था नभएको सुबिधा बितरण गर्नु नियमित देखिएन ।

२०. **निर्माण कार्यको गुणस्तरसम्बन्धमा :** गाउँ कार्यपालिकाबाट पारित उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ । जस्तै १३५।०७६।३।२७ वाट लोमान्थाङ ढल निर्माण गरेको भनी उपभोक्ता समितिलाई रु २१,८६,२६७।२४को कार्यगरेको भनी गाउपालिकाले अनुदान वापत रु १९,६७,०००।०० भुक्तानी दिएको छ । सो कार्यमा प्रयोग भएको ३५ एम एम एच डि पी पाईप २१० मि प्रयोग भएको पाईपको गुणस्तर परीक्षण गरिएको छैन । त्यस्तै ७८।०७६।३।१९ न्यानोल पक्की पुल निर्माण गरेको भनी उपभोक्ता समितिलाई रु २६,४१,०७९।७६ को कार्यगरेको भनी गाउपालिकाले अनुदान वापत रु २३,७५,०००।०० भुक्तानी दिएको छ । उक्त कार्यमा प्रयोग भएको रड सिमेन्ट आदी निर्माण सामाग्रीहरुको ल्याव टेष्ट गरिएको छैन । ९०।०७६।३।२६ वाट मानेपेमे पुल देखि करीडोर सम्म सडक मर्मत पुलमा ग्याविन लगाएको भनी रु १४,२५,०००।०० भुक्तानी दिएकोमा सो मा प्रयोग गरिएको ग्याविन तारको कुनै ल्याव परीक्षण गरिएको छैन ।

२१. **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति विक्रि, मालपोत, दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नूपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ ।

२२. **सम्पत्ति लेखांकन :** गाउपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन,

<table>
<tr><td></td><td>फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी गाउपालिकाको अधिनमा रहेको गाउपालिकाले र वडाको अधिनमा रहेको जिन्सीको अभिलेख वडाले अद्यावधिक गरी राख्नु पर्नेमा सो नभएको मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>सार्वजनिक सुनुवाई : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । गाउंपालिकाबाट संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि सवै योजनाको सार्वजनिक सुनुवाई संचालन गरेको देखिएन । जसबाट बित्तिय पारदर्शिता र जबाफदेहिताको पालना भएको छ भन्न सकिएन । ऐन को व्यबस्था कार्यान्वयन हुनुपर्दछ । सार्बजनिक सुनुबाई के, कति आयोजनामा भयो जानकारी पेश हुन आएन । जस्तै १ देखि ५ वडाका वडा कार्यालय भवन निर्माणकोलागि रु.५३०,००,०००।०० का दरले लागत अनुमान तयार गरी भनी उपभोक्ता समितिहरुलाई रु.४७,५०,०००।०० भुक्तानी दिएकोमा सो खर्चको नियमपुर्वकको सार्वजनिक सुनुवाई भएको छैन, ।</td><td></td></tr>
<tr><td></td><td>उपभोक्ता समितिमार्फत सम्पादित कार्यको परीक्षण गर्दा देखिएको व्यहोराहरु यस प्रकार छन् :</td><td></td></tr>
<tr><td>२४.</td><td>उपभोक्ता समिति दर्ता : संस्था दर्ता ऐन, २०३४ दफा ३ अुनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाइं कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाइं हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्नें गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>टुक्रा टुक्रा कार्य : सार्वजनिक खरिद ऐन २०६३ को दफा (८)२ वमोजिम एउटै प्रकृतिका कार्यहरु गर्दा एक भन्दा वढि टुक्रा पारी काम गर्न नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोत्ता वा लाभग्राही समुदायवाट निर्माण काम गराउदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययीता,गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने गरी काम गराउनु पर्ने व्यवस्था छ । तर यस गाउपालिकाले एउटै प्रकृतिका कार्यहरु गर्दा साना प्याकेज वनाई एकभन्दा वढि उपभोत्ता समिति गठन गरी काम गरको अनियमित रु.........<br><br>कार्यालयको भनाई : उल्लेखित योजना हरु संचालन भएका स्थानहरु एउटै वडामा रहेता पनि दुरिका हिसावले टाढा र फरक फरक वस्तीमा रहेकोले छुट्टा छुट्टै योजनाको रुपमा संचालन भएको
<table>
<tr><th></th><th>कामको नाम र ठेगाना</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सिजा पुलदेखि छोर्तेन काडने रिडरोड मर्मत वडा नं. १</td><td>५०००००।००</td></tr>
<tr><td>२</td><td>सिजालु खेतमा पर्खाल निर्माण वडा नं. १</td><td>५०००००।००</td></tr>
<tr><td>३</td><td>आर्का खेतमा पर्खाल निर्माण वडा नं. २</td><td>७०००००।००</td></tr>
<tr><td>४</td><td>भार्चा खेतमा पर्खाल निर्माण वडा नं. २</td><td>७०००००।००</td></tr>
<tr><td>५</td><td>फुवा ठिगंर मोटरबाटो मर्मत वडा नं. ३</td><td>३०००००।००</td></tr>
<tr><td>६</td><td>सर्किलु मोटरबाटो मर्मत वडा नं. ३</td><td>५०००००।००</td></tr>
<tr><td></td><td>जम्मा :</td><td>३२,००,०००।००</td></tr>
</table></td><td>३२,००,०००।००</td></tr>
<tr><td>२६.</td><td>मेसिनको प्रयोग : सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण वा संचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राविधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । गाँउपालीकाले अधिकांश ग्रामिण सडक निर्माणमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोक्ता समितिबाट मेसिन प्रयोग गरि काम गराएको देखियो । श्रमप्रधान काम उपभोक्ता समितिबाट गराउनुपर्ने नियमावलीको मनसाय भएतापनि अधिकांश बाटो निर्माणको काम मेसिनबाट</td><td></td></tr>
</table>

गर्ने गरी लागत अनुमान तयार गरी काम गराएबाट मेसिन प्रयोग नहुने काम उपभोक्ताबाट गराउने नियमको मनसाय पालना भएको देखिएन । उपभोक्ता समितिले स्थानीय स्तरमा जनसहभागिता जुटाउन सक्ने श्रमप्रधान कार्यभन्दा बाहिरका कार्य गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ । उपभोक्ता संगको खरिद सम्झौतामा सवै कामहरु इन्जिनियरिगं नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा कुनै कुनै उपभोक्ता समितिको कार्यमा प्राविधिक नक्सा तयार गरेको पाईएन । साथै, काम भएको प्रमाणित गर्ने तस्विर र योजनाको जानकारी मूलक सूचना वोर्ड संलग्न रहेको छैन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिताको कमी देखिन्छ । गाऊ पालिकाले उपभोक्ता समितिसँगको योजनाको रकम भुक्तानी गर्दा बिलभरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात हेरी जांच गरी खर्च लेख्नु पर्नेमा पालिकाले उपभोक्ताले गरेको कामको सवै विल समावेश नहुदा हुदै पनि खर्च लेख्ने गरेको छ । मस्टरोल नभरी प्राविधिक नापजांचमा मात्र देखाई खर्च गर्ने गरेको छ । गाऊ पालिकाले उपभोक्ता समितिसँगको योजनाको बिलभरपाई राखि खर्च लेख्दा सम्झौता मिति, योगदान, सम्पन्न गर्नुपर्ने मिति, मेजरमेण्ट गरेको मिति उललेख गरेको पाइएन । जसले गर्दा निर्माण कार्य समयमा शुरु भई समयमा नै सम्पन्न भयो भएन यकिन गर्न सकिएन । अतः निर्माणसँग सम्वन्धित सम्पुर्ण सूचनाहरु गरी कागजात तयार गर्नुपर्दछ । लागत अनुमान, मूल्यांकन, स्थलगत कार्य सम्पादन र विल भरपाई वास्तविक तुल्याउनेतर्फ गाउपालिका सजग हुनुपर्दछ । जस्तै १७२।०७६।३।२७ नामसुङ देखि साम्जुग जाने मोटरवाटो निर्माण उपभोक्ता समितिले कार्य गरेको भनी रु.७२,७९,६५५।०० को सम्झौता गरी गाउपालिकाले अनुदान रु ६५,००,०००।०० भुक्तानी दिएकोमा जे.सि.वि. प्रयोग गरेको छ । त्यस्तै १,५४,०७६।३।२७ नामग्यालदेखि किमलिङ्गसम्म मोटरवाटोनिर्माणको लागी उपभोत्ता समितिलाई रु.९,००,०००।०० भुक्तानी गरेकोमा सो कार्यमा मेसिन प्रयोग भएको छ ।

२७. **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट रु.५ लाखको लागत अनुमानमा मर्मत सम्पन्न गरेको चुङजुङ खानेपानी योजना क्या क्या गङ मुहान सिचाई रु ५ लाखमा मर्मत निर्माण गरेको लगायत कुनै पनि आयोजना नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ ।

२८. **निर्माण कार्यको लगत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाउपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो ।

२९. **जटिल संरचना निर्माण सम्बन्धमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण, ग्रामीण विद्युतीकरण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । जस्तै

| भौ.नं र मिति | कामको विवरण | रकम |
|---|---|---|
| **७८/०७६/३/९** | न्यानोल पक्की पुल निर्माण उ.स | २३,७५,०००/- |
| **१०६/०७६/३/२७** | ग्रामिण विद्युतिकरण कार्य | ११,७१,०००/- |
| **विभिन्न** | वडा भवन कार्यालय निर्माण | ५८,२१,७२६।०० |

३०. **लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदनको रकममा समानता :** सार्वजनिक खरिद नियमावली २०६४ को ९७ उपनियम (११) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत

कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्नेछ ,भन्ने व्यबस्था रहेको छ । गाँउपालिकाबाट संचालित योजनाहरुमा प्राविधिकहरुबाट नाँपजाच भएको अधिकांश निर्माण कार्यहरुको लागत अनुमानसँग समान हुने गरी कार्यसम्पन्न भएको देखाईएको छ । जस्तै भौ.१६२।०७५।३।२७ ठिङगर खेत छोलम तलमाथी पर्खाल निर्माण उपभोक्ता समिति रु ३३,३०,७७६।४० निर्माणको लागत अनुमान तथा कार्यसम्पन्न भएको छ । त्यस्तै १७२।०७६।३।२७ नामसुङ देखि साम्जुग जाने मोटरवाटो निर्माण उपभोक्ता समितिले कार्य गरेको भनी रु.७२,७९,६५५।०० को सम्झौता गरी कार्य सम्पन्न भएकोमा समेत समान छ ।उपभोत्ता समिति मार्फत गरिएको कामको विल प्रमाणित उपभोत्ता समितिवाट गरे गराएको पाईएन । जसबाट स्थलगत रुपमै वास्तविक नाँपजाच भएको हो भनि विश्वस्त हुने आधार भएन । यसरी नाँपजाच गर्ने प्राविधिकलाई जिम्मेवार बनाई निर्माण कार्यमा नियन्त्रण एवं सुधार गर्नुपर्दछ ।

३१. **सार्वजनिक परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दीगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले सार्वजनिक सुनुवाई गरी सेवाग्राहिले उपस्थिति जनाएको माईन्यूट गरेता पनि सार्बजनिक परीक्षण गरी सेवा प्रवाहमा सुधार गरेको छैन ।

३२. **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन २०६३ को दफा २९(१) मा सार्वजनिक निकायले सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्ति बाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । तर परापर्श सेवा खरिद गरिएकोमा पालिकामा कार्यरत जनशक्तिबाट काम हुन नसक्ने सम्वन्धमा कुनै कुरा स्पष्ट नगरी परामर्श सेवा खरिद गरेको पाइएकोले कानूनमा उल्लेखित व्यवस्था को पालना भएको पाइएन । देहायका भौचर नं. र मिति बाट देहायको कार्यको डिपीआर (Detail survey,design,draining, cost estimate report) तयार गरेको भनी रकम भुक्तानी दिएकोमा उक्त कार्यको प्रतिवेदन स्टोर आम्दामी बाधिएको छैन साथै उक्त प्रतिवेदन कार्यान्वयन समेत भए गरेको पाईएन -

| भौ.नं.र मिति | परामर्शदाताको नाम | आयोजनाको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ४५क/७६/३/१० | Addon Engineering Solution put ltd KTM | Master plan of high altitude sport studium | ४,९६,०७०/- |
| ४५ख/७६/३/१० | Mapurse Nepal pvt.ltd ktm | Pre-feasibility study of Samduling Dam | ४,९४,५००/- |
| ४५घ/७६/३/१० | Rekhankan engineering pvt.ltd ktm | कभर्डहल डि.पि.आर | २,४८,६००/- |
| ४५घ/७६/३/१० | Tensline Structure pvt.ltd | DPR of Kaligandaki River Traning | ३,४९,७३५/- |
| | | | |

**कार्यालयको भनाई** : कार्यालयमा आफ्नो प्राविधिक जनशक्ति नभएकोले परामर्श सेवा खरिद गरिएको, पुर्व सम्भाव्यता अध्ययन सम्पन्न भएको सम्डोलिङ ड्यामको निर्माणको लागि गण्डकी प्रदेशबाट रु पचास लाख र गाउँपालिकाबाट तिस लाख विनियोजन गरिएको । साथै अन्य योजनाहरुका लागि प्रदेश र संघ सरकार संग सहलगानीमा योजना संचालन गर्न प्रस्ताव पठाइएको ।

३३. **गैह्र सरकारी संस्था छनौट :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० मा गैर सरकारी संस्थाबाट काम गराउंदा मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई सूचना प्रवाह गरी नियम २३३(६) अनुसार योग्य परामर्शदातामध्ये न्यून रकम कबोल गर्ने परामर्शदातालाई स्थानीय निकायले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । झोलुगेपुल निर्माणको परामर्श कार्यका लागि सम्बन्धित पक्षलाई सूचना समेत प्रवाह नगरी कार्यालयले खरिद प्रक्रिया र प्रतिष्पर्धा बेगर झोलुगेपुल निर्माणको परामर्श कार्यमा विगत वर्षदेखि एकै गैर सरकारी संस्थालाई छनौट गर्दै आएको देखियो । गैर सरकारी संस्थाको प्राविधिक क्षमता समेत परीक्षण नगरी विगतको सम्झौताका आधार जनाई म्याद थप गरी यो बर्ष यो जिल्लाको नमस्युङ झो.पु.को कुल लागत रकमको ६ प्रतिशतका दरले हुने रकम रु १,३१,३०६।०० खर्च नियमिति नदेखिएको रु– १,३१,३०६।००

| गो. भौ. मिति | गैर सरकारी संस्थाको नाम | भुक्तानी रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ३/०७६/३/१५ | मुस्ताग कल्याण संघ जोमसोम(३०३७५७०४७) | १०७,२६२।१८ |

साथै मुस्ताग कल्याण संघ जोमसोमलाई भ्याट रकम रु १५१०६।०० दिएकोका २०७५।३ महिनावाट Non Filler

३४. **नन्फाइलर :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा आन्तरिक राजस्व विभागको वेभसाइटमा ति निर्माण व्यावसायीको प्यान नम्वर सर्च गर्दा लेखापरीक्षण अवधी सम्म सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मासिक कर विवरण समेत नबुझाई नन्फाइलर भएको पाइएकोले मु.अ.कर रकम समायोजन गरेको प्रमाण पेश बगेर उक्त रकम असुल गर्नुपर्ने रु. . १,१६,४१५/-

| **गो. भौ. मिति** | **फर्मको नाम र भ्याट नं** | **भुक्तानी रकम** | **मु.अ.कर रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ४६/०७६/३/९ | कोरला मुस्ताङ्ग कं प्रा.ली (६०६६२७६०९) ४ नं विजक | ३०,५१०/- | ३५१०/- | ०७६/२ देखि Nonfiller |
| ५०/०७६/३/९ | ,, ,, ,, ,, २ नं विजक | ६,७५,०००/ | ८७,७५०/- | |
| ६८/०७६/३/९ | कोरला मुस्ताङ्ग कं प्रा.ली (६०६६२७६०९) | ९१,५३०/-/- | १०,५३०/- | |
| १४५/०७६/३/२७ | कोरला मुस्ताङ्ग कं प्रा.ली (६०६६२७६०९) | १,२७,१२५/- | १४६२५/- | |
| | | | १,१६,४१५/- | |

३५. **शिक्षातर्फ** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ कार्यक्रम कार्यान्वयन मार्गदर्शन (ख) ३ अनुसार स्थानीय तहमा शर्सत अनुदान शीर्षकमा विनियोजन भएको शिक्षक तलव भत्ता तथा शैक्षिक कायक्रम संचालन अनुदान शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त प्रमाणित तहगत श्रेणीगत शिक्षक संख्या तथा शैक्षिक तथ्यांक २०७४ को आधारमा २०७५ पुष मसान्त भित्र अनूसुची १० अनुसार ढांचामा पठाई शिक्षक तथा कमचारीहरुको लगत अद्यावधिक गर्नु पर्ने व्यवस्था भएता पनि यस गाउपालिकाको शिक्षा ईकाई सो गरेको पाइएन ।

३६. २०६।०७६।३।२६ दिव्यदिप घुम्ति विद्यालयलाई हिउदे कक्षा संचालन गर्न आवश्यक पर्ने खाद्य सामाग्री घरभाडा आदीको विल भर्पाई सक्कल पेश हुनु पर्नेमा नक्कल पेश गरी भुक्तानी लेखेकोले सक्कल श्रेस्ता पेश गर्नु पर्ने ७,००,०००।०

३७. **विद्यार्थी शिक्षक अनुपात :** विद्यालय समायोजन कायांन्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थीं भएका विद्यालयलाइं जिल्ला शिक्षा अधिकारीको सिफारिशमा जिल्ला शिक्षा समितिले बन्द गरी अकों पायक पनें विद्यालयमा नियमानुसार समायोजन गनं सक्नेव्यवस्था छ। निर्देशिकाको बु)दा न)( १४ ृ१ विद्यालय समायोजन सम्वन्धी कायंक्रम कायांन्वयनका लागि विद्यालयको तथ्या)क स)कलन गरी सम्भाव्यता अध्ययन तयारी गनु पनें व्यवस्था छ। यस जिल्लामा प्रति शिक्षक विद्यार्थी अनुपात १.२५ देखि १२.०९ भएका ८ विद्यालय रहेको लेखापरीक्षण वाट देखिएको छ । ती १० विद्यालयका १४६ विद्यार्थीलाई अध्यापन गर्न ३७ शिक्षकको तलव भत्ता वापत रु.४२९६८७३६.६३ खर्च गरेको छ। सो अनुसार प्रति विद्याथी शिक्षक तलव भत्ता र अन्यमा मात्र रु ८२००१।- खर्च भएको छ। यसबाट प्रति विद्यार्थी लागत बढ्न गएको छ । साथै भौगोलिक दुरी टाढा भएमा बाल विकास केन्द्र स्थापना गरी न्यून विद्यार्थी भएका विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखियो

| सि. नं. | विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्ष ा ६ | कक्ष ा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ | जम्मा | शिक्षक संख्या | शिक्षक विधार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री दिव्यदीप मा.वि | ८ | ८ | ३ | १० | ११ | ८ | ११ | १४ | ११ | ९ | ० | ० | ९३ | १८ | ५.१६ |
| २ | श्री दिव्यज्ञान आ.वि | ४ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ | २ | ३. |
| ३ | श्री जनप्रभात आ.वि. | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | २ |
| ४ | श्री भृकुटी आ.वि | ४ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ | २ | ३ |
| ५ | श्री सरस्वति आ.वि. | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ | २ | २.५ |
| ६ | श्री बुद्ध आ वि | २ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | २ | १.५ |
| ७ | श्री वालकल्याण आ.वि | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | २ | १.५ |
| ८ | श्री वीरेन्द्र आ वि | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ४ | २ | २. |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | श्री सम्जुङ आ.वि. | ३ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ | २ | ३. |
| १० | राष्ट्रिय आ वि | ८ | १ | ४ | २ | ० | ३ | ० | ० | ० | ० | ० | ० | १८ | ४ | ४.५ |
| | जम्मा: | ४१ | १३ | ११ | १२ | १३ | ११ | ११ | १४ | ११ | ९ | ० | ० | १४६ | ३७ | २८.१६ |


३८. **स्वास्थतर्फ :** देहायका भौ.नं र मितिवाट निम्न फर्मवाट एक्सरे मेसिन र ल्यावको लागि आवश्यक सामान खरिद गरेको भनी रकम भुक्तानी दिएकोमा उक्त समानहरुको सामानहरुको सहि व्यवस्थापन नगरी पुरानो भवनमा यत्रतत्र छरिएर रहेको पाईयो । तल चित्रमा स्पष्ट देख्न सकिन्छ । उक्त सामानहरु जडान गर्न उचित व्यवस्थापन गर्न नसक्दा सरकारी सम्पतिको नोक्सानी हुने देखिन्छ । यस तर्फ गाउपालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

१।०७६।३।२६ Canopus Health Care pvt ltd जावालाखेल रु ४,४९,९९९।९०

३।०७६।३।२६ International Patho scientific Traders ktm रु ३,७९,०१५।५६







३९. **स्थलगत निरीक्षण :** लेखापरीक्षणको सिलसिलामा लोमान्थाङ गाउपालिकाले यस वर्ष निर्माण गरेका भौतिक संरचनाको निरीक्षण गर्दा देहाय वमोजिम देखिएको छ ।

क) **गाउपालिका भवन निर्माण** : गाउपालिका कार्यालयको भवनको लागत अनुमान तथा उपभोक्ता समितिसंग रु ८६,७१,७४२।६७ मा मिति २०७६।३।१५ का कार्यसम्पन्न गर्ने गरी मिति २०७४।१२।२० मा उपभोक्तालाई कार्यादेश दिएकोमा कार्यसम्पन्न गरेको भनी रु ७७,९०,०००।०० भुक्तानी गरेको छ । कार्यालय भवनमा सरी प्रशासनिक कार्य संचालन भएकोमा स्थलगत निरीक्षणमा कोठाहरुमा डव्वलकोट रंग लगाउनु पर्नेमा सिंगल कोट मात्र लगाएको २ वटा कोठामा त रंग झरेको छ । तल चित्रमा स्पष्ट् देख्न सकिन्छ । वाथरुम तथा ट्वाईलेट राम्रोसंग फिनिसिङ नभएको तला थप गरेकोमा पाटेसन राम्रोसंग नभएको ।



**Ceiling 1**



**Ceiling 2**



**Toilet 1**



**BathRoom 1**



**BathRoom 2**



**Shed 1**

| | | |
|---|---|---|
| ४०. | **सामाजिक सुरक्षा कार्यक्रम :** सामाजिक सुरक्षा कार्यविधी २०६९ को वुदा ६ मा कार्यविधी वमोजिमको सुविधा उपभोग गर्न ईच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचय पत्र लिनुपर्ने र साविकमा परिचय पत्र लिएका व्यक्तिहरुले समेत आगामि वर्षमा भत्ता/वृत्ति/अनुदान पाउनको लागि तोकिएको मिति भित्र परिचय पत्र अनिवार्य रुपमा नविकरण गराउनुपर्ने र नविकरण नभएका व्यक्तिहरुलाई भत्ता/वृत्ति/अनुदान उपलव्ध गराईने छैन भन्ने व्यवस्था छ। | |
| ४१. | **सामाजिक सुरक्षा कार्यक्रम :** सामाजिक सुरक्षा कार्यविधि संचालन कार्यविधि (संशोधन सहित) २०७२ को दफा ५ अनुसार भत्ता पाउने जेष्ठ नागरिक र अन्य पदाधिकारीको शुरु उमेर पुगेको पछिल्लो चौमासिक देखि गणना गर्नु पर्ने व्यवस्था छ। सामाजिक सुरक्षातर्फ गाउंपालिकाले लाभग्राहीको लगत किताव र MIS अभिलेख राखेको देखिएन । कार्यविधि अनुसार चौमासिक सामाजिक सुरक्षा भत्ता दिनुपर्नेमा एक्कै पटक आषाढमा २३३ जनालाई रु.४३११०००।- भुक्तानी गरेको छ। | |

अनुसूची - १

# लोमान्थाङ गाउँपालिका,मुस्ताङ
## स्थानीय तह सञ्चित कोष विवरण
## २०७५/७६

**प्रदेश :- गण्डकी**

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० १+५+९) |
| १. | **लोमान्थाङ गाउँपालिका** | **मुस्ताङ** | २१३८६ | ७०९०३ | ७२८३७ | ४१५७१ | १८५३११ | ११९४० | ११०७०० | ५९०२२ | १८०८६२ | २५८३५ |

अनुसूची - २

## बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७५/७६

**प्रदेश :- गण्डकी**

(रु.हजारमा)

| सि. नं. | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजू | | | वाकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात | राजश्व लगत | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १. | **लोमान्थाङ गाउँपालिका** | **मुस्ताङ** | ३७ | ५ | ६०४७ | ० | १ | १९०० | ३७ | ४ | ४१४७ | ११६ | ३३३१ | ७०० | ० | ० | ४०३१ | ० | ० | ० |

अनुसूची - ३

## अद्यावधिक बेरुजू स्थिति
## २०७५।७६

**प्रदेश नम्बर :- गण्डकी प्रदेश**

(रु.हजारमा)

| क्र.स. | **स्थानीय तह** | **जिल्ला** | गत वर्षसम्मको बाँकी | यो वर्ष फछ्र्यौट | बाँकी | यो वर्ष सम्परीक्षणबाट कायम | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ (१-२) | ४ | ५ | ६ (३+४+५) |
| १ | **लोमान्थाङ गाउँपालिका** | **मुस्ताङ** | **१७१२** | **१०७१** | **६४१** | **०** | **४१४८** | **४७८९** |